सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

☎ अध्यक्ष – ९८०७९२८५५५
☎ उपाध्यक्ष - ९८५२६८११७१
☎ प्र.प्र.अ. – ९८५२६६०१५३

प.स. ०७७/०७८
च.नं. 629

मितिः २०७७/१०/०२

**विषय: दिवा खाजाको लागी अनुदान सम्बन्धमा।**

श्री सम्पुर्ण विद्यालयहरु,
सिदिङ्वा गाउँपालिका,
ताप्लेजुङ।

प्रस्तुत विषयमा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागी दिवा खाजाको व्यवस्थापन गर्न प्रति विद्यार्थी प्रति दिन रु १५/- का दरले अनुदान प्राप्त हुने भएकोले मिति २०७७/१०/१२ गते भित्रमा तपशिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ।

**तपशिल:**

१. प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्मका बालबालिकाहरुको नाम थर, जन्ममिति र कक्षा सहितको विवरण विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रमाणित गरी कार्यालयमा पेश गर्ने।

२. विद्यालयमा दिवा खाजा कार्यक्रमको लागि वि.व्य.स. ले स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने र यसरी व्यवस्था गर्दा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषक तत्वको सुनिश्चिततामा ध्यान दिई अभिभावक आमा समुह द्वारा खाजा तयार गरी खुवाउने र सो को नियमित अनुगमन तथा प्रत्यक्ष रेखदेखको व्यवस्था वि.व्य.स. द्वारा मिलाउने।

३. यदि दिवा खाजा विद्यालयमा तयार गर्न कठिन हुने अवस्था भएमा तोकिएको मापदण्ड बमोजिमको खाद्यान्न घरै बाट तयार गरी पठाउने व्यवस्था मिलाउन अभिभावक लाई प्रतिबद्दता गराइ रकम उपलब्ध गराउने र विद्यार्थीले घर बाट ल्याएको खाजाको गुणस्तर र नियमितताको अनुगमन विद्यालय बाट गर्ने व्यवस्था मिलाउने र यस कार्यका लागि तोकिएको प्रति विद्यार्थी लागत अनुदान विद्यालयले सम्बन्धित विद्यार्थीको अभिभावकलाई उपलब्ध गराउने।

४. विद्यालयले जुनसुकै विकल्प प्रयोग गरेपनि विद्यालयमा चाउचाउ, विष्कुट लगायत प्याकेटमा आउने कुनै पनि किसिमको तयारी खाजा दिवा खाजाको रुपमा प्रयोग गर्न पाइने छैन।

५. विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम दिवा खाजाको व्यवस्थापन भए पश्चात विद्यार्थीको हाजिरी अभिलेखको आधारमा विद्यालयहरुलाई गाउँपालिका बाट अनुदान उपलब्ध गराउने।

बोधार्थ:

श्री सम्पुर्ण वडा कार्यालयहरु, सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ- आवश्यक जानकारीको लागी।
श्री सूचना तथा प्रविधि शाखा, सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ – वेवसाइटमा अपलोड गरिदिनुहुन।

10/02

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत